भद्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश नेपाल


# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

## कोशी प्रदेश, झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर, असार २९ गते, २०८१ साल, संख्या २


## भाग १

## भद्रपुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको ऐन, सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०८१

*स्वीकृत मिति- २०८१/०३/२८*

*प्रमाणीकरण मिति- २०८१/०३/२९*

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश नेपाल

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको कार्यालय

कोशी प्रदेश

भद्रपुर,झापा

# भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०८१

**गणेश पोखरेल**

**नगर प्रमुख**

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

*स्वीकृत मिति- २०८१/०३/२८*

*प्रमाणीकरण मिति- २०८१/०३/२९*

# भद्रपुर नगरपालिकाको विनियोजन ऐन, २०८१"

## प्रस्तावना

भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि बाहौं नगरसभावाट स्वीकृत सेवा र कार्यहरुको लागी सञ्चितकोष बाट खर्च गर्न दिएको अधिकार मार्फत गरिएको संशोधन तथा आर्थिक बर्ष २०८१/०८२ समेतको लागी सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भद्रपुर नगरपालिकाको नगरसभा समक्ष यो विधेयक पारित गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "भद्रपुर नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२.सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष ०८०/०८१ को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८५ करोड ६७ लाख ३ हजार रुपैया मात्र भएकोमा सोलाई संशोधन गदै संशोधित बजेट रु ९८ करोड २३ लाख ४६ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम आर्थिक वर्ष ०८०/०८१ को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेतको संशोधित बजेट रु ९८ करोड २३ लाख ४६ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिमको बजेटवाट सोही अनुसुची - १ बमोजिम सञ्चित कोषवाट २०८१ जेष्ठ मसान्त सम्ममा ५९ करोड ६१ लाख २३ हजार ३ सय ८० पैसा २२ खर्च भएकोले सो खर्चलाई अनुमोदन गदै बाँकी खर्च आगामी नगर सभावाट अनुमोदन हुने गरि नियमानुसार खर्च गर्न अनुमति दिईनेछ।

(३) भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०७९ को दफा २ बमोजिम आर्थिक वर्ष ०७९/०८० को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेतको संशोधित बजेट रु १ अरब ११ करोड १३ लाख ७३ हजार ५ सय मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिमको बजेटवाट सो आर्थिक वर्षको मसान्त सम्ममा अनुसुची -१ बमोजिम सञ्चित कोषवाट रु ८६ करोड ७ लाख २५ हजार ४ सय ७९ पैसा ४७ खर्च भएकोले सो खर्चलाई अनुमोदन गरियो।

(४) आर्थिक वर्ष ०८१/०८२ को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा

गणेश पोखरेल

रकम रु ९९ करोड २ लाख १९ हजार १४ औ नगरसभाको प्रथम बैठकमा प्रशुतुत भएकोमा सो बजेटलाई नगरसभाको दोश्रो बैठकवाट १ अरव २२ करोड १९ हजार मात्रको संसोधन गरी सोही अनुसारको रु १२ करोड ११ लाख ४ हजारको ( आम्दानी भन्दा खर्च बढी ) घाटा बजेट पारित गदै सोही अनुसार निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

(५) उपदफा (४)बमोजिम व्यय विवरण अनूसुचि - १मा,आय विवरण अनुसूची-२ मा,चालु कार्यक्रम/पूँजिगत/वित्तीय खर्च अनुसूची-३ मा र कार्यक्रम तथा पूँजिगत खर्चका विवरणहरु अनुसूची -४ मा उल्लेख भएअनुसार हुनेछन ।

३. विनियोजनः

(१) दफा २ को उपदफा ४ बमोजिम सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त भद्रपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा भद्रपुर नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकमान्तर गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ बमोजिम रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको अर्को शिर्षकमा रकमान्तर गरि खर्च गर्नु पर्दा तथा नगर सभाबाट स्वीकृत योजना, बजेट कार्यक्रमहरु संचालन गर्दा कार्यपालिका तथा विभिन्न विषयगत समितिहरुले गरेको निर्णयलाई समेत आधार मानी कार्यान्वयन गर्नु पर्नेछ र आगामी नगर सभामा संशोधन स्वीकृति लिनु पर्नेछ ।

## अनुसुचि १

| खर्चशि .नं. | बजेट/खर्चशिर्षक तथा खर्चहरुकोविवरण | ०७९/०८० कोयथार्थ | ०८०/०८१ कोप्रश्तावित | ०८०/०८१ जेष्ठमशान्त सम्मको यथार्थ | ०८०/०८१ कोसंसोधित | ०८१/०८२ कोप्रश्तावित |
|---|---|---|---|---|---|---|
| क) चालु/प्रशासनिक तथा कार्यक्रम खर्च | | | | | | |
| १ | आन्तरिक/राजश्वबाडँडफाँड/मौज्दात/अन्य सस्था(राजश्व ) | २११२८४५२९।९८ | २५८१०००००।०० | १९३८५४६०३।५४ | २८७०७३३००।०० | २७९९५४०००।०० |
| २ | शसर्तअनुदान ( संघ/प्रदेश ) | २७६३८८५२१।५२ | २८९९२५०००।०० | २११७४८८०३।२४ | २९५४६८०००।०० | २९४९५५०००।०० |
| चालु तथा कार्यक्रमखर्च जम्मा | | ४८७६७३०५१।५० | ५४८०२५०००।०० | ४०५६०३४०६।७८ | ५८२५४१३००।०० | ५७४९०९०००।०० |
| ख) पूजिगत कार्यक्रम/वितिय व्यवस्थापन खर्च | | | | | | |
| १ | आन्तरिक/राजश्वबाडँडफाँड/मौज्दात/अन्य सस्था(राजश्व ) | ३१५२५२८६७।४६ | ५७०८९०००।०० | २४६८८०१०।२२ | १४८७१५७००।०० | १५९०५००००।०० |
| २ | वितियसमानीकरण/समपुरक अनुदान ( संघ/प्रदेश ) | | १८५८११०००।०० | १३१७२८४५५।४४ | १८५८११०००।०० | १८९४०००००।०० |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | शसर्त अनुदान ( संघ/प्रदेश ) | ५७७९९५६०।५१ | ६५२७८०००।०० | ३४१०३५०७।७८ | ६६०७८०००।०० | ९८६६००००।०० |
| **पूँजिगत कार्यक्रम खर्च जम्मा** | | **३७३०५२४२७।९७** | **३०८१७८०००।००** | **१९०५१९९७३।४४** | **४००६०४७००।००** | **४४७११००००।००** |
| **कुल जम्मा ( चालु+ पूँजिगत ) खर्च** | | **८६०७२५४७९।४७** | **८५६२०३०००।००** | **५९६१२३३८०।२२** | **९८३१४६०००।००** | **१०२२०१९०००।००** |

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत